नेपाल वायुसेवा

मितिः२०७९ वैशाख १९ गते

# प्रेस नोट

## निगमको वित्तीय, व्यवस्थापकीय तथा ख्यातिमा सुधार

वर्तमान नेतृत्वले निगमको व्यवस्थापन सम्हाले पछि निगममा वित्तीय, व्यवस्थापकीय र निगमको ख्यातिमा निम्नानुसारको सुधारहरु भएका छन् ।

### १. वित्तीय सुधार

निगमले आयआर्जन र वार्षिक रुपमा हुने नियमित खर्चमा कटौति गरी वित्तीय सुधार गरेको छ।

क) वर्तमान नेतृत्व आएपछि ओभर ड्राफ्ट सीमाबाट गरिएको खर्च पूरै भुक्तानी गरिसकिएको छ । निगमले आवश्यक परेको बेला सो सीमाभित्र रहेर वित्तीय सुविधा लिन सक्ने अवस्था छ ।

| क.सं | विवरण (२०७८ कार्तिक) | रकम | कैफियत |
|---|---|---|---|
| १ | ओभर ड्राफ्ट सीमा | रु १,८८५,८७२,०००.०० | |
| २ | ओभर ड्राफ्टबाट भएको खर्च | रु ५१०,८४०,१०७.५३ | |
| ३ | ओभर ड्राफ्टमा बाँकी मौज्दात | रु १,३७५,०३१,८९२.४७ | |
| ४ | नगद मौज्दात | रु ५८०,५६५,१३७.८७ | |

| क.सं | विवरण (२०७९ वैशाख) | रकम | कैफियत |
|---|---|---|---|
| १ | ओभर ड्राफ्ट सीमामा भएको खर्चमा निगमले गरेको भुक्तानी | रु १,८८५,८७२,०००.०० | |
| २ | ओभरड्राफ्टमा भएको खर्च | रु ००.०० | |
| ३ | निगमले हाल ओभर ड्राफ्ट चलाउन पाउने रकमको सीमा | रु १,८८५,८७२,०००.०० | |
| ४ | नगद मौज्दात | रु १,३३९,९७६,६६७.५७ | |

ख) Special Prorate Agreement (SPA)

निगमले विश्वका २१ वटा प्रसिद्ध वायुसेवा कम्पनीहरुसंग Passenger SPA र २४ वटा Cargo SPA सम्झौताले आम्दानीमा वृद्धि गरेको छ ।

नेपाल वायुसेवा निगम संस्थागत विभाग

नेपाल वायुसेवा निगम, पो.ब.नं. ४०१,काठमाडौं, नेपाल, फोनः ४२२०७५७ फ्याक्सः ०१-४२२५३४८
Email: info@nac.com.np,web: www.nepalairlines.com.np

Scanned with CamScanner

ग) Passenger Service System (PSS)

सन् २०१९ बाट शुरु भई २०७८ कार्तिक सम्म विविध कारणले pending मा रहेको Passenger Service System(PSS) HITIT कम्पनीसँग सम्झौता गरी कार्यान्वयन गरिएको (तत्कालिन संचालित SITA System भन्दा कम मूल्यमा सम्झौता गरिएकोले निगमको वार्षिक खर्चमा कटौति) ।

PSS Integration गर्ने सम्वन्धमा भएका विवादहरु अन्त्य गरी करोडौ रकम असुल गरेको ।

घ) DG Certification

निगमले इतिहासमा नै पहिलो पटक DG Certification को प्रमाणपत्र पाई Dangerous Goods (खतराजन्यपदार्थहरु) ओसार पोसार गरी थप आयआर्जनमा शुरु गरिएको ।

ङ) केन्द्रीय कार्यालयमा Souvenir Sales Counter संचालनमा ल्याएको

च) Inflight IFE System मा पहिलेको भन्दा वार्षिक ४२% बचत गरी सम्झौता गरिएको ।

छ) IFE System मा विज्ञापनबाट आम्दानी गरेको ।

ज) बोडिङ्ग पासमा विज्ञापन गरी आम्दानी गरेको ।

## २. व्यवस्थापकिय सुधार

क)Seat Occupancy

| 2077-78 | | 2078-79 | |
|---|---|---|---|
| Seat Factor | Daily Utilization Hour | Seat Occupancy | Daily Utilization Hour |
| A320 – 66% | 7.45 | A320 – 90% | 10.41 |
| A330- 65% | 9.65 | A330- 90% | 9.48 |

नेपाल वायुसेवा निगम संस्थागत विभाग



Scanned with CamScanner

ख) गन्तव्य विस्तार :

निगमले २२ अप्रील देखि रियादमा नियमित उडान प्रारंभ गरेको छ।

ग) बाह्य गन्तव्यमा नियमित उडान सुचारुः

कोभिड १९ तथा विविध कारणले बन्द वा स्थगित भएका निगमका अन्तर्राष्ट्रिय गन्तव्यका नियमित उडानहरु निम्न बमोजिम पुन: सुचारु भएका छन्।

| गन्तव्य | २०७८ कार्तिक महिना अगाडिको अवस्था | हालको अवस्थामा |
|---|---|---|
| दिल्ली | दैनिक एक उडान | दैनिकदुई उडान |
| मुम्वई | उडान बन्द रहेको | साताको ३ दिन उडान |
| बैंगलौर | उडान बन्द रहेको | साताको ३ दिन उडान |
| दोहा | साताको ७दिन उडान | साताको ५ दिन उडान |
| दुवई | साताको ७दिन उडान | साताको ५ दिन उडान |
| हङ्कङ्ग | साताको १ दिन उडान | साताको १ दिन उडान |
| क्वालाम्पुर | उडान बन्द रहेको | साताको ३ दिन उडान |
| बैंकक | उडान बन्द रहेको | साताको ३ दिन उडान |
| नारिता | साताको १ दिन उडान | साताको ३ दिन उडान |
| साउदी अरेवीया | | २२ अप्रिल देखि साताको दुई उडान शुरु गरेको। |

घ) आन्तरिक गन्तव्यमा सुदुर पश्चिममा नियमित उडान :

बझाङ, डोटी, अछाम, बाजुरा, नियमित उडान संचालन तथा इलाम सुकिलुम्बा विमानस्थलमा नियमित उडानको तयारी।

ङ) गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा वाइडवडीको सफल अवतरण :

वैशाख १५ गते वाइडवडि सफलतापूर्वक अवतरण गरी आफ्नो कार्यालय स्थापना र ग्राउण्ड ह्याण्डलिङको लागि सम्पूर्ण तयारी पूरा गरि ग्राउण्ड ह्याण्डलिङ शुरु गरिएको

च) बोइङ्गको लिलाम सम्वन्धमा :

लामो समयसम्म Pending मा रहेको बोइङ्गको लिलाम प्रक्रिया अगाडि बढेको।

नेपाल वायुसेवा निगम संस्थागत विभाग

नेपाल वायुसेवा निगम, पो.ब.नं. ४०१,काठमाडौं, नेपाल, फोन: ४२२०७५७ फ्याक्स: ०१-४२२५३४८
Email: info@nac.com.np,web: www.nepalairlines.com.np

Scanned with CamScanner

छ) निगमको वित्तीय विवरणहरु Nepal Financial Reporting Standard (NFRS) बमोजिम बनाउन कार्य अगाडि बढाइएको ।

ज) रोकिएका आन्तरिक तथा बाह्य तालिमहरु (Cabin Crew, Engineer ) सुचारु भएको ।

**३. ख्यातिमा सुधार**

क) निगम र विद्युत प्राधिकरणबीच नेपाल वायु सेवाको उडान भएको सेक्टरमा वायुसेवाको सेक्टरबाट यात्रा गर्ने गरी सम्झौता गरिएको ।

ख) देशलाई परेको संकटको अवस्थामा उद्दार उडान र मेडिकल सामान आपूर्ति गरेको ।

ग) मध्यपूर्व तथा खाडि मुलुक जाने नेपाली श्रमिकलाई RA Counter बाट टिकट लिने पहिलो ४० जना यात्रुलाई हवाई भाडामा छुट दिएको ।

घ) उडानमा भएको विलम्वमा सुधार गर्न आवश्यक कदम चालिएको ।

ङ) ISAGO and ICAO Audit सम्पन्न : निगमको हवाई सुरक्षा स्तरबृद्धिको रिर्पोट प्राप्त ।

च) Sinking Fund को स्थापना:

निगमले आफ्नो कुलआयको ३० प्रतिशतले हुन आउने रकम नियमित जम्मा गर्ने गरी यस फण्डको स्थापना गरिएको छ । यस Fund बाट कर्मचारी संचयकोष र नागरिक लगानीकोषको ऋण तिर्न सुनिश्चित गरिएको छ ।

**४.भावी योजना र तयारी**

- अन्तर्राष्ट्रिय उडानमा Inflight वाइफाइको सुविधा
- सुविधा सम्पन्न Hangar निर्माण गरिने
- निगमको विभिन्न स्थानमा रहेका सम्पत्तिहरुको उचित व्यवस्थापन गरी आय अभिवृद्धि गर्ने
- Inflight Duty Free Shop संचालन गर्ने
- जहाज खरिद र गन्तव्य विस्तार : २०२२- २०३१ को दशवर्षे व्यवसायिक योजना अन्तर्गत पहिलो वर्ष आन्तरिक उडान तर्फ ३ थान STOL र २ थान Trunk जहांज

नेपाल वायुसेवा निगम संस्थागत विभाग



Scanned with CamScanner

थप्ने योजना रहेको छ । अन्तर्राष्ट्रिय उडानमा विमान थपे पछि दक्षिण कोरियाको सिओल, चीनको ग्वान्झाउ र सांघाई, श्रीलंकाको कोलम्बो, भारतको अहमदाबाद, इण्डोनेसिया, जर्मनीको फयांकफर्ट र अष्ट्रेलियामा उडान सुरु गरिनेछ । उपलब्ध जहाजहरुको भरपुर सदुपयोग गर्दै ११औं गन्तव्यको रुपमा चीनको ग्वान्झाउ र १२ औं गन्तव्यको रुपमा दक्षिण कोरियाको सिओलमा उडान विस्तारको लक्ष्य राखेको छ ।

**५.निगमको ऋण र आम्दानी**

निगमको ऋण कुल ४७अर्ब ४४ करोड रहेको छ ।

निगमको चालू आर्थिक वर्षको ८ महिनाको आम्दानीमा ४७ प्रतिशले बृद्धि भएको छ ।

उपरोक्त विवरणहरुको विस्तृत जानकारी यसैसाथ संलग्न रहेको व्यहोरा जानकारी गराउदछौं ।

अर्चना खड्का

प्रवक्ता

Scanned with CamScanner

## निगम सुधारको बाटोमा

मिति : २०७९ बैशाख १९ गते

कुनैपनि वायुसेवा कम्पनीको उन्नतिको लागि महत्वपूर्ण मानिने पक्षहरुमा जहाजको उपयोगिता, उच्चदरको Seat Occupancy एवम् गन्तव्य विस्तार पर्दछन् । वर्तमान निगम व्यवस्थापन उपरोक्त पक्षहरुको प्राप्तिको लागि कटिबद्ध भई अहोरात्र खटिई सुधारोन्मुख अवस्थामा निगमलाई पुऱ्याएको तथ्य तपशिलका बुँदाहरुबाट स्पष्ट पार्न चाहन्छौं ।

२०७८ कार्तिकमा वर्तमान नेतृत्वले निगम सम्हालेपछिका छ महिनामा निगमको मूल शक्तिको रुपमा रहनुभएका कर्मचारी साथीहरुको सहयोगमा निगमको सुधारमा आशातित सफलता हासिल भएकोले हामी अझ बढी आशावादी छौं । हाल भइरहेका मुख्य-मुख्य सुधारका क्षेत्रहरु निर्देशानुसार पेश गर्दछु :

### हाल भइरहेका मुख्य मुख्य सुधारका क्षेत्रहरु :

०१. **निगमको वित्तीय अवस्थामा सुधार :**

वर्तमान नेतृत्व आएपछि ओभर ड्राफ्ट सीमाबाट गरिएको खर्च पूरै भुक्तानी गरिसकिएको छ र निगमले आवश्यक परेको बेला सो सीमाभित्र रहेर वित्तीय सुविधा लिनसक्ने अवस्था छ ।

| क.सं | विवरण (२०७८ कार्तिक) | रकम | कैफियत |
|---|---|---|---|
| १ | ओभर ड्राफ्ट सीमा | रु १,८८,५८,७२,०००.०० | |
| २ | ओभर ड्राफ्टबाट भएको खर्च | रु ५१,०८,४०,१०७.५३ | |
| ३ | ओभर ड्राफ्टमा बाँकी मौज्दात | रु १,३७,५०,३१,८९२.४७ | |
| ४ | नगद मौज्दात | रु ५८,०५,६५,१३७.८७ | |

| क.सं | विवरण (२०७९ बैशाख) | रकम | कैफियत |
|---|---|---|---|
| १ | ओभर ड्राफ्ट सीमामा भएको खर्चमा निगमले गरेको भुक्तानी | रु १,८८,५८,७२,०००.०० | |
| २ | ओभरड्राफ्टमा भएको खर्च | रु ००.०० | |
| ३ | निगमले हाल ओभर ड्राफ्ट चलाउन पाउने रकमको सीमा | रु १,८८,५८,७२,०००.०० | |
| ४ | नगद मौज्दात | रु १,३३,९९,७६,६६७.५७ | |

नेपाल वायुसेवा निगम संस्थागत विभाग

अत्यन्त प्रतिकूल अवस्थामा ओभर ड्राफ्टबाट लिएको पूरै रकम भुक्तानी गरी रु. १,३३,९९,७६,६६७.५७ नगद मौज्दात कायम हुनाले निगमले यस अवधिमा रु १,२७,०२,५१,६३७.२३ (*अक्षरुपी एक अर्ब सत्ताइस करोड दुई लाख एकाउन्न हजार छ सय सैतीस रुपैयाँ तेइस पैसा)* वित्तीय आम्दानी बचत गरेको देखिन्छ *(ओभर ड्राफ्टमा तिरिएको रकम र अहिलको मौज्दातबाट पहिलेको मौज्दात घटाउदा आएको रकम)*। ओभर ड्राफ्ट रकम भुक्तानीपछि पाँच महिनाको अवधिमा निगमलाई यसको ब्याज भुक्तानी गर्ने **दायित्व वापतको रकमसमेत बचत हुन गएको छ।** यो ब्याज भुक्तानीको दायित्व नरहँदा पनि आर्थिक रुपमा निगमलाई ठूलो राहत भएको छ।

**निगमले चालु आर्थिक बर्ष २०७८/७९ को प्रथम ८ महिना (साउनदेखि फागुन) सम्म ८ अर्ब ३९ करोड रुपैया आम्दानी गरेको छ। यो अघिल्लो बर्षको तुलनामा ४७ प्रतिशतले बृद्धि हो। अघिल्लो बर्ष सोही अवधिको आम्दानी ५ अर्ब ७० करोड रहेको थियो।**

२) सीट अकुपेन्सी तथा विमानको उपयोगिता :

**(A). Seat Occupancy:**

उडान संख्या विस्तार र नयाँ गन्तव्य थपेर अन्तर्राष्ट्रिय उडानमा रहेका ए ३२० सेरिजका दुईवटा न्यारोबडी र ए ३३० सेरिजका दुईवटा बाइडबडी जहाजको **औसत सीट अकुपेन्सी हाल ९० प्रतिशतको हाराहारीमा पुगेको छ।**

**(B). विमानको उपयोगिता :**

| | A-320 | A-330 |
|---|---|---|
| २०७८ कार्तिक | ०७ घण्टा ३८ मिनेट | ०६ घण्टा ३६ मिनेट |
| २०७९ चैत | ०९ घण्टा ४८ मिनेट | १० घण्टा ४१ मिनेट |

३) गन्तव्य विस्तार :

क) रियादमा नियमित उडान प्रारम्भ :

निगमले आफ्नो गन्तब्य विस्तारको क्रममा यही बैशाख ९ गतेदेखि साउदी अरेबियाको रियादमा नियमित उडान प्रारम्भ गरेको छ। नेपाली श्रमिकहरुको आकर्षक गन्तव्य मानिएको रियादमा निगमले हाललाई हप्तामा दुई वटा उडानबाट प्रारम्भ गरिसकेको छ। बजार माग अनुसार आगामी दिनमा अझ थप उडान विस्तार गर्ने कार्ययोजना रहेको छ। **संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री प्रेम बहादुर आलेज्यूको विशेष निर्देशन र कार्यकारी अध्यक्षको पहलमा निगमलाई साउदी अरेबियाको रियाद उडानका लागि गत फागुन २२ गते उडान अनुमति प्राप्त भएको हो।** निगमले साउदी अरेबियाको जेद्दा र दम्माममा पनि उडान अनुमति पाइएको छ। **रियाद (साउदी अरेबिया) नयाँ गन्तव्य मात्र नभएर चार लाखभन्दा बढी नेपालीहरु रहेको र यात्रुसंख्या एवम् भाडादरका कारणले थप आकर्षक गन्तव्य पनि हो।**



वायुसेवा निगम संस्थागत विभाग

नेपाल वायुसेवा निगम, पो.ब.नं. ४०१, काठमाडौं, नेपाल, फोन: ४२२०७५७ फ्याक्स: ०१-४२२५३४८
Email: info@nac.com.np, web: www.nepalairlines.com.np

ख) **बाह्य गन्तव्यमा नियमित उडान सुचारु :**

विविध कारणले बन्द वा स्थगित भएका निगमका अन्तर्राष्ट्रिय गन्तव्यका नियमित उडानहरु निम्न बमोजिम पुनः सुचारु भएका छन् ।

| गन्तव्य | २०७८ कार्त्तिक महिना अगाडिको अवस्था | हालको अवस्था |
|---|---|---|
| दिल्ली | दैनिक एक उडान | दैनिक दुई उडान |
| मुम्वई | उडान बन्द रहेको | साताको ३ दिन उडान |
| बैंगलौर | उडान बन्द रहेको | साताको ३ दिन उडान |
| दोहा | साताको ७ दिन उडान | साताको ५ दिन उडान |
| दुवई | साताको ७ दिन उडान | साताको ५ दिन उडान |
| हङ्गकङ्ग | साताको १ दिन उडान | साताको १ दिन उडान |
| क्वालाम्पुर | उडान बन्द रहेको | साताको ३ दिन उडान |
| बैंकक | उडान बन्द रहेको | साताको ३ दिन उडान |
| नारिता | साताको १ दिन उडान | साताको ३ दिन उडान |
| साउदी अरेवीया | सेक्टर स्थापना नभएको | २२ अप्रिल देखि साताको दुई उडान शुरु गरेको । |

ग) आन्तरिक गन्तव्य विस्तार :

अ) **सुदूर पश्चिममा नियमित उडानः** २०७८ सालको बडादशैको अवधिमा आएको बेमौसमी बर्षात र बाढी-पहिरोले नेपालको पश्चिम पहाडी जिल्लाहरुमा यातायात अवरुद्ध भई दशै मनाउन गाउँघर गएका नागरिकहरु अलपत्र परेकोले तत्कालै उद्दार हुने गरी बझाङ, डोटी, अछाम,बाजुरा लगायतका जिल्लाहरुमा धनगढी र नेपालगञ्जलाई आधार बनाएर उद्धार उडान सञ्चालन गरिएको थियो । तत्पश्चात त्यहाँका स्थानीयहरुको अनुरोधमा ती जिल्लाहरुमा नियमित व्यवसायिक उडान सञ्चालनमा राखिएको छ । जसले गर्दा दूरदराजमा बस्ने आम नेपाली नागरिकले सस्तो सेवमा पहुँच भई निगम र सरकारप्रतिको भरोसामा थप मजबुत भएको आभाष गरिएको छ ।

आ) **इलाम नियमित उडानको तयारी :** त्यस्तै निगमले आन्तरिक उडानमा पनि गन्तव्य विस्तार गरेको छ । निगमको ट्विनअटर 9N-ABT विमानले २०७८ पौष २६ गते इलामको फाल्गुनन्द सुकिलुम्बा विमानस्थलमा परीक्षण उडान सफलतापूर्वक सम्पन्न गरेको छ । निगमले काठमाडौं-इलाम-काठमाडौं नियमित उडान गर्ने गरी गृहकार्य अगाडि बढाईरहेको छ । निगमले काठमाडौबाट थामखर्क, खानीडाँडा, भोजपुर,इलाम, फाप्लु,ताप्लेजुड.,दाङ,नेपालगञ्ज नियमित उडान गर्दछ भने नेपालगञ्जबाट रुकुम, डोल्पा, जुम्ला,ताल्चा,सिमकोट उडान गर्ने गर्दछ । त्यस्तै धनगढीबाट डोटी,साँफेबगर, बाजुरा र बझाङ उडान गर्दै आएको छ ।

नेपाल वायुसेवा निगम संस्थागत विभाग



नेपाल वायुसेवा निगम, पो.ब.नं. ४०१,काठमाडौं, नेपाल, फोनः ४२२०७५७ फ्याक्सः ०१-४२२५३४८
Email: info@nac.com.np,web: www.nepalairlines.com.np

४) **SPA (Special Prorate Agreement) संझौता :**

निगमले विश्वका प्रसिद्ध वायुसेवा कम्पनीहरुसंग Special Prorate Agreement अर्थात Tie Up Fare को सहकार्यमार्फत अन्तरमहादेशीय टिकट बिक्री गरिरहेको छ । जसले गर्दा निगमको सिधा उडान नहुने विश्वका कैयौं देशसँग SPA मार्फत गन्तव्य तयः गरी हजारौ यात्रुलाई सेवा विस्तार गरेको छ । यस अन्तर्गत यूरोपका विभिन्न शहर,अष्ट्रेलिया,दक्षिण कोरिया,इजरायलका गन्तव्यमा उडान गर्ने २१ वटा वायुसेवा कम्पनीसंग SPA Passenger र २४ वटा वायुसेवा कम्पनीहरुसंग SPA Cargo संझौता गरेको छ । **यसले निगमको अन्तर्राष्ट्रिय ख्याती, साखः र आम्दानीमा समेत सकारात्मक प्रभाव पारेको छ र अन्य उडानका कनेक्टिङ्ग उडानमा जाने यात्रुहरुको आवश्यकतालाई ध्यानमा राखी निगमको उडानको Punctuality मा पनि सुधार आएको छ ।**

निगमले Cathey Dragon, Air India, All Nippon Airways, Malaysia Airllines Bhd, Elal Israel, Turkish Airlines, Ethopian Airlines, Korean Airlines Co. Ltd., Emirates, Garuda Indonesia, Thai Airways International, Shrilankan Airlines Limited, Qatar Airways Group, Asiana Airlines, Phillipine Airlines, Kuwait Airways, China Airlines, Etihad Airways, Druk Air, Air China र China Eastern संग SPA Passenger संझौता गरेको छ ।

यस्तै निगमले Air Arabia, Emirates,Hongkong Airlines, Kuwait Airways, LTU International, ELAL Israel Airlines, Malaysian Airlines, All Nippon Airlines, Asiana Airlines, Qantas Airways, Qatar Airway, Oman Air, Turkish Airlines, Pegasus Hava Tasimaciligi A.S, Ethopian Airlines Group, Kenya Airways, Shrilankan Airlines, Druk Airlines, Etihad Airways PJSC, Fits Aviation Pvt. Ltd, British Airways, APG Cargo र Trans Air संग SPA कार्गो संझौता गरेको छ ।

०५) **यात्रु सेवा पद्धति (Passenger Service System, PSS) :**

वायुसेवा कम्पनीहरुको जीवन रेखा (Life Line) मानिने PSS पद्धतिमार्फत Reservation, Ticketing/Airport Checking, Internet Booking सञ्चालन हुने गर्दछन् । निगमले यस कार्यकालागि हाल प्रयोग हुँदै आएको SITA System ले विश्व बजारबाट आफूलाई PSS बाट हट्ने चरणमा रहेकोले यसको सट्टामा नयाँ PSS पद्धति छनोटको लागि RFP को तर्जुमा, प्रकाशन, मूल्यांकन, सही पद्धतिको छनोट र संझौता वार्ता (Contract Negotiation) जस्ता कार्यहरु सम्पन्न भई PSS Migration अन्तिम चरणमा पुगेको छ । निगमले PSS सेवाको लागि नयाँ कम्पनी HITTIT (हिटिट) चयन गरेको छ । सन् २०१९ मै २०२२ मार्च १५ देखि आफ्नो PSS सम्बन्धी सेवा बन्द गर्ने घोषणा गरी जानकारीसमेत SITA ले दिएको अवस्थामा टेण्डर प्रक्रियासमेत अगाडी नबढाई अवरुद्ध भएको अवस्थामा यो Project लाई समयसीमा भित्र अगाडी बढाउनु निकै कठिन कार्य थियो । विविध अवरोध र कठिनाईहरु पार गरेर यो Project अघि नबढाएको भए

नेपाल वायुसेवा निगम संस्थागत विभाग



नेपाल वायुसेवा निगम, पो.ब.नं. ४०१,काठमाडौं, नेपाल, फोनः ४२२०७५७ फ्याक्सः ०१-४२२५३४८
Email: info@nac.com.np,web: www.nepalairlines.com.np

**निगमको सम्पूर्ण Sales प्रक्रिया नै अवरुद्ध भई सबै जहाजहरु ग्राउण्डेड हुने अवस्थाबाट निगमलाई बचाइएको छ ।**

नयाँ PSS को चयनसगसंगै विभिन्न गन्तव्य मुलुकका वाध्यात्मक/अनिवार्य प्रावधान समेत निगमले अनुशरण गर्दै जानुपर्ने अवस्थामा नयां PSS लाई अन्य ती देशका अनिवार्य System संग Integration गर्ने कार्यसमेत समयमा नै सम्पन्न गर्न निश्चितजस्तै भएको छ । नयाँ PSS Integration गर्ने क्रममा अन्य System संग Link Up गर्नुपर्ने तथा यसबीचमा ती कम्पनीले निगमसंग पुरानो सम्झौता अनुसार असुल उपर गर्ने Dispute गरेका करोडौं रकमसमेत निगमले विभिन्न चरणमा वार्ता गरी छुट लिन सफल भई करोडौं रकम निगमलाई बचत भएको छ । यसले गर्दा निगमले सेवामा समेत संकुचन नभई बढोत्तरी भएको छ भने आर्थिक लाभ समेत हासिल भएको छ ।

०६) **DG Certification र सेवा :**

निगमले आफ्नो ६३ बर्षको इतिहासमा नै पहिलो पटक DG Certification को प्रमाण-पत्र पाएको छ । नेपाल नागरिक उड्डयन प्राधिकरणबाट यो प्रमाण-पत्र प्राप्त गरेसंगै निगमले दुबाई, हङ्गकङ्ग, दिल्ली र नारिता जस्ता सेक्टरबाट उडान सुरक्षालाई असर नपार्ने खतराजन्य पदार्थहरु ( Dangerous Goods) ओसार-पोसार गरी थप आय आर्जन गर्न पाउने भएको छ । अब नेपालका व्यवसायीहरुले निगमका जहाजहरुबाटै यस वर्गीकरणमा पर्ने कम्प्युटर र मोवाइल जस्ता ब्याट्रीयुक्त सामानहरु ल्याउन पाउछन् । यसबाट बार्षिक २ करोड भन्दाबढी आय थपिन विश्वास छ । निगमले यस्ता सामान ओसार-पोसारका लागि तालिम दिने जनशक्ति पनि तयार पारिसकेको छ ।

०७) **मध्यपूर्व तथा खाडी मुलुक जाने नेपाली श्रमिकलाई भाडा छुट :**

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री प्रेमबहादुर आलेज्यूको निर्देशनमा निगमले आफ्नो काउण्टरबाट टिकट लिई खाडी मुलुकमा जाने नेपाली श्रमिकलाई विशेष छुट दिने व्यवस्था गरेको छ । यस्तो छुट प्रति उडान ४०जनालाई दिने गरिएको छ । यसबाट वैदेशिक रोजगारीमा जाने नेपाली श्रमिकहरु लाभान्वित भएका छन् ।

०८) **गौतमबुद्ध तथा पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालन र उडान :**

हाल सञ्चालनमा आइसकेको भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र निकट भविष्यमा सञ्चालनमा आउने पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा निगमको व्यवसायिक उडान र भूमिस्थ सेवा सञ्चालनका लागि निगमले प्राविधिक तर्फका नायब महाप्रबन्धकको संयोजकत्वमा एक उपसमिति गठन गरी काम गरेको छ ।

नेपाल वायुसेवा निगम संस्थागत विभाग



नेपाल वायुसेवा निगम, पो.ब.नं. ४०१,काठमाडौं, नेपाल, फोन: ४२२०७५७ फ्याक्स: ०१-४२२५३४८
Email: info@nac.com.np,web: www.nepalairlines.com.np

८.१ **गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा वाइडबडीको सफल अवतरण :**

नेपाल वायुसेवा निगमको वाइडबडी जहाजले यही बैशाख १५ गते गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा सफलतापूर्वक अवतरण गरेको छ । सो विमानस्थलबाट अन्तर्राष्ट्रिय उडान सञ्चालन भएपछि निगमले पनि आफ्ना उडानहरु सञ्चालन गर्नेछ । साथै, भैरहवा अन्तर्राष्ट्रिय विमानस्थलमा हुने अन्तर्राष्ट्रिय जहाजको ग्राउण्ड ह्याण्डलिङ कार्यका लागि आवश्यक उपकरण, कार्यालय, कर्मचारी स्थापना गरिसकेको छ । **संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री प्रेम बहादुर आलेज्यूको विशेष निर्देशन, नेपाल नागरिक उड्डयन प्राधिकरणको पहल तथा निगमको सक्रियतामा गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा Wide Body को सफल अवतरण भएको छ ।**

०९) **केन्द्रीय कार्यालयमा Souvenir Sales Counter** :

निगमले केन्द्रीय कार्यालयमा Souvenir Sales Counter सञ्चालनमा ल्याएको छ । यसले अतिरिक्त आर्जनको अवसर दिनुको साथै नेपाली मौलिक कला र संस्कृतिको प्रवर्द्धन र बजारीकरणमा पनि सहयोग पुग्ने अपेक्षा छ । यस्तो काउण्टर निगमका अन्य(स्वदेश तथा विदेश) कार्यालयहरुमा पनि राख्ने योजना रहेको छ ।

१०) **बोइङ्गको लिलामी सम्बन्धमा** :

निगमको सञ्चालक समितिको २०७६ पौष ११ को निर्णय अनुसार 9N-ACB जहाज, इञ्जिन, Rotable Components र Tools को लिलाम बिक्रीको लागि M/s CDS Aircrafts Sales and leasing Inc. कम्पनीसंग ५.७१ मिलियन अमेरिकी डलरमा बिक्री गर्न व्यवस्थापनलाई स्वीकृति प्रदान गरिएको थियो । संझौता बमोजिम कम्पनीले अन्तिम मूल्यको ५ प्रतिशत रकम एड्भान्स डिपोजिट प्राप्त गरिसकेको छ । लामो समयसम्म अवरुद्ध रहेको बिक्री प्रक्रिया अगाडि बढाउन व्यवस्थापनले Bill of Sale मा हस्ताक्षर गर्न अख्तियारी प्रदान गरेको छ र उक्त विमानको मर्मत-संभार गर्न खरिदकर्ता कम्पनीले निगमलाई भ्याटसहित १ लाख १३ हजार अमेरिकी डलर प्रदान गरी मर्मत-सम्भार कार्य पनि अगाडि बढिसकेको छ ।

११) **NFRS (Nepal Financial Reporting Standard) लागू गर्ने तयारी :**

लेखा प्रणालीलाई थप व्यबस्थित, पारदर्शी र बेरुजु कम गर्ने बनाउन निगमको वित्तीय विवरण अन्तर्राष्ट्रिस्तरको NFRS बमोजिम बनाउने कार्य अगाडी बढिसकेको छ । यसबाट अन्तर्राष्ट्रिस्तरको वित्तीय विवरण प्राप्त हुनुको साथै निगमको सम्पत्ति र दायित्वको यथार्थ मूल्य विवरण प्राप्त हुनेछ । ब्यालेन्स सिटको आकारमा पनि बृद्धि हुनेछ ।

नेपाल वायुसेवा निगम संस्थागत विभाग



नेपाल वायुसेवा निगम, पो.ब.नं. ४०१,काठमाडौं, नेपाल, फोन: ४२२०७५७ फ्याक्स: ०१-४२२५३४८
Email: info@nac.com.np,web: www.nepalairlines.com.np

नेपाल वायुसेवा

## १२ ISAGO and ICAO Audit:

सन २०२२ को अप्रिल ११देखि १५सम्म निगमको IATA's Safety Audit of Ground Operations (ISAGO) Onsite Physical Audit सम्पन्न भैसकेको छ। सफलतापूर्वक ISAGO अडिट सम्पन्न भएकोले निगमको ग्राउण्ड ह्याण्डलिङ सेवा सभदाभै अन्तर्राष्ट्रियस्तरको सेवा तथा प्रविधियुक्त भएको छ । यस्तै अप्रिल १३ देखि २५सम्म अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठन (ICAO)को अडिट टिमले निगमको हवाई सुरक्षाको स्तर अडिट गरिसकेको छ । यसपटक नेपालको हवाई सुरक्षाको स्तर सुधार भएकोले नेपाल युरोपियन युनियनको कालोसूचीबाट हट्ने अपेक्षा गरिएको छ।

## १३) जहाज र बोर्डिङ.पासमा विज्ञापन :

निगमले अन्तर्राष्ट्रिय उडानका IFE System मा विभिन्न कम्पनीहरुको विज्ञापन गर्ने गरेको छ । निगमले यी अन्तर्राष्ट्रिय उडान मनोरञ्जनमा उपयोग हुने Movie, Drama, Music Video मा पनि विज्ञापन प्रशारण गर्ने योजना बनाएको छ। यसबाट निगमको थप आम्दानी वृद्धि हुनेछ।

यस्तै निगमले आफ्ना जहाजको बोर्डिङ पासमा नेपाल दूरसञ्चार कम्पनीको विज्ञापन छाप्ने सम्झौता गरी कार्यान्वयनको अन्तिम चरणमा रहेको छ।

## १४) निगम र विद्युत प्राधिकरणबीच संझौता :

नेपाल वायुसेवा निगम र नेपाल विद्युत प्राधिकरणबीच आपसी व्यापार प्रवर्धनको संझौता सम्पन्न भएको छ। २०७८ पौष १९गते सम्पन्न संझौता अनुसार प्राधिकरणका कर्मचारीले निगमको उडान हुने क्षेत्रमा विदेश यात्रा गर्दा निगमको उडान सेवा उपयोग गर्ने र यस बापत निगमले विद्युत प्राधिकरणका कर्मचारी र कर्मचारीका पारिवारका सदस्यलाई भाडामा १५ प्रतिशतसम्म छुट दिने तथा निगमले कार्गो ढुवानीमा कार्गोको प्रकृति र आयतन हेरी ५ देखि १० प्रतिशतसम्म छुट दिने व्यवस्था गरेको छ।

## १५) उद्धार र मेडिकल सामान आपूर्ति :

२०७७ सालमा कोरोनाको संक्रमण देखा परेपछि निगमका जहाजहरुले अत्यावश्यक मेडिकल सामाग्री र खोप ढुवानी गर्नुका साथै विदेशमा लकडाउन भएर अलपत्र परेका नेपाली विद्यार्थी, कामदार तथा यात्रुहरुलाई नेपाल फर्काउन र नेपालमा अलपत्र परेका विभिन्न मुलुकका पर्यटक तथा नेपालमा सेवारत नागरिकहरुलाई स्वदेश फर्काउन महत्वपूर्ण भूमिका निर्वाह गर्‍यो । यसबापत नागरिक उड्डयन प्राधिकरणबाट निगमले प्रशंसापत्र प्राप्त गरेको छ।

नेपाल वायुसेवा निगम संस्थागत विभाग



नेपाल वायुसेवा निगम, पो.ब.नं. ४०१,काठमाडौं, नेपाल, फोनः ४२२०७५७ फ्याक्सः ०१-४२२५३४८
Email: info@nac.com.np,web: www.nepalairlines.com.np

१६) आन्तरिक जनशक्ति उत्पादनका कार्यहरु :

- रोकिएको आन्तरिक तथा बाह्य सबै तालिमहरु सुचारु गरिएको,
- A-320 मा ४ जना IP (Instructor Pilot) तयार भएको,
- A-330 मा २ जना IP (Instructor Pilot) तयार भएको,
- ०२ जना पाइलटले A-320/A-330 CCQ तालिम सम्पन्न गरेका र थप ०२ जनालाई CCQ तालिममा पठाएको,
- ०३ जना Flight Dispatcher को तालिम सम्पन्न भएको,
- A-320/30 का योग्य Co-Pilot हरुलाई Captain का लागि प्रक्रिया सुरु,
- २० जना कर्मचारीहरुलाई DG Training सम्पन्न गरेको र अन्य Airlines लाई पनि DG Training प्रदान गरी आय आर्जन गर्ने प्रक्रिया अगाडी बढाइएको,
- क्याबिन क्रु तथा इन्जिनियरहरुको लामो समयदेखि अवरुद्ध Career Progression लाई सुचारु गरिएको,
- हाल निगममा कार्यरत पाइलटहरुको संख्या :

| Category | A-330 | A-320 | DHC-6/300 |
|---|---|---|---|
| P1 (Commander) | 9 | 13 | 6 |
| P2 (Co-Pilot) | 13 | 13 | 5 |
| **Total Number:** | **22** | **26** | **11** |

हाल निगममा ०९ जना Senior Captain र ०१ जना Junior Captain करारमा कार्यरत रहेका छन् ।

## भावी योजना र तयारी

१७) अन्तर्राष्ट्रिय उडानमा वाईफाईको सेवा :

निगमले Wide Body जहाजमा यात्रुहरुलाई High Quality Internet सुविधा उपलब्ध गराउने उद्देश्यका साथ निर्देशक, इन्जिनियरिङ मेन्टिनेन्स विभागको संयोजकत्वमा ०९ सदस्यीय कार्यदल गठन गरी उक्त कार्यदलले आफ्नो काम प्रारम्भ गरीसकेको छ । जहाजमा Wifi System को जडानबाट यात्रुलाई थप सुविधा प्राप्त हुने, Customer Satisfaction अझ बढ्ने र निगमलाई थप आय आर्जन हुने देखिन्छ ।

१८) ह्यांगर निर्माणको आवश्यकता :

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा रहेको नेपाल वायुसेवा निगमको ह्यांगर निकै पुरानो र जीर्ण रहेको छ । निगमका आफ्नै ठूला जहाज र नेपाल आउने अन्य वायुसेवाका जहाजहरुलाई पनि मर्मत सेवा दिन साँघुरो र अपर्याप्त रहेकोले नयाँ ह्यांगर बनाउन अपरिहार्य भैसकेको छ । निगमले यस सम्बन्धमा परामर्शदातामार्फत संभाव्यता अध्ययन र विस्तृत परियोजना प्रतिवेदन प्राप्त गरिसकेको



नेपाल वायुसेवा निगम संस्थागत विभाग

नेपाल वायुसेवा निगम, पो.ब.नं. ४०१,काठमाडौं, नेपाल, फोन: ४२२०७५७ फ्याक्स: ०१-४२२५३४८
Email: info@nac.com.np,web: www.nepalairlines.com.np

छ । सुविधासम्पन्न नयाँ ह्यांगरको सेवाबाट नेपालका विमान र नेपाल आउने अन्य कम्पनीका विमानको मर्मत-संभार सहज हुन गई हवाई सुरक्षा प्रदान गर्नुको साथै निगमको आयमा पनि बृद्धि हुने छ । **ह्यांगर निर्माणको लागि CAAN र मन्त्रालयको सहकार्यमा निगमले विस्तृत अध्ययन गरी DPR & Feasibility तयार गरी मिति २०७९/०१/१३ गते श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा पेश गरिसकिएको छ ।**

१९) **निगमको सम्पत्ति व्यवस्थापन :**

निगमको काठमाडौं उपत्यकाभित्र र बाहिर गरी २३ स्थानमा रहेका घरजग्गाको व्यवसायिक उपयोग गरी थप आय आर्जन गर्ने उद्देश्यले प्रशासन तर्फका नायब महाप्रबन्धक र सामान्य सेवा तथा खरिद व्यवस्थापन विभागका निर्देशकको संयोजकत्वमा गठित कार्यदलले प्रतिवेदन दिइसकेका छन् । यसमा अझ व्यवसायिक विज्ञहरुबाट थप अध्ययन गरी कार्य अघि बढाइनेछ ।

२०) **जहाज खरिद र गन्तव्य विस्तार :**

निगमको १०बर्षे व्यवसायिक योजना अनुरुप सन २०२२ मा आन्तरिक तर्फ ३ थान STOL र २ थान Trunk तर्फका जहाज खरिद गर्ने योजना छ । STOL जहाजका लागि प्रति जहाज रु ८६ करोड र trunk को लागि प्रति जहाज २ अर्ब लाग्ने अनुमान छ । आन्तरिक उडानमा विमान थपेपछि लुक्ला, पोखरा, जोमसोम र भैरहवामा उडान सेवा थप विस्तार हुनेछ ।

व्यवसायिक योजना अनुरुप २०२३ मा आन्तरिक तर्फ २ थान STOL र Trunk तर्फ २ थान जहाजका साथै अन्तर्राष्ट्रियतर्फ २ थान न्यारो बडीको जहाज थप्ने र सन २०२४ मा अन्तर्राष्ट्रिय उडानमा एक थान वाइडबडी र २ थान न्यारोबडी थप्ने तथा २०२५ मा एकथान वाइडबडी थप्ने योजना रहेको छ । अन्तर्राष्ट्रिय उडानमा विमान थपेपछि दक्षिण कोरियाको सिओल, चीनको ग्वान्झाउ र सांघाई, श्रीलंकाको कोलम्बो, भारतको अहमदावाद, इण्डोनेशिया, जर्मनीको फ्रयांकफर्ट र अष्ट्रेलियामा उडान सुरु गरिनेछ ।

२१) **नयाँ गन्तव्य : दक्षिण कोरिया/ग्वान्झाउ**

**उपलब्ध जहाजहरुको भरपुर सदुपयोग गर्दै अब निगमले ११ औं नयाँ गन्तव्यको रुपमा चीनको ग्वान्झाउ र १२ औं गन्तव्यको रुपमा दक्षिण कोरियाको सिओलमा उडान विस्तारको लक्ष्य राखेको छ ।**



नेपाल वायुसेवा निगम संस्थागत विभाग

नेपाल वायुसेवा निगम, पो.ब.नं. ४०१,काठमाडौं, नेपाल, फोन: ४२२०७५७ फ्याक्स: ०१-४२२५३४८
Email: info@nac.com.np,web: www.nepalairlines.com.np

२२) **निगमको कर्जा र आम्दानीको अवस्था:**

निगमले न्यारोबडी र वाइडबडीका २ । २ जहाज खरिद गर्दा कर्मचारी संचय कोष, नागरिक लगानी कोष तथा सहुलियत प्राप्त कर्जामा चिनिया जहाज खरिद गर्दाको साँबा ब्याज भुक्तानीको कुल दायित्व ४७ अर्ब ४४ करोड रुपैया पुगेको छ ।

२३) **Sinking Fund को स्थापना**

नेपाल वायुसेवा निगमले नयाँ विमान खरिदका लागि सञ्चय कोष र नागरिक लगानी कोषबाट लिएको कर्जाको साँबा तथा ब्याज भुक्तानीका लागि प्रत्येक महिना कुल आयको ३० प्रतिशतले हुन आउने रकम नियमित रुपमा जम्मा गर्ने गरी Sinking Fund स्थापना गरिएको छ र सो फण्डमा निर्णय गरिए बमोजिमको रकम जम्मा गर्न थालिएको छ । यसले दुवै संस्थाबाट लिएको कर्जा भुक्तानी सरल हुने विश्वास छ । कोभिड महामारीको समयमा साँवा कर्जा भुक्तानीमा लगाइएको जरीवाना (Penalty) नलिन आवश्यक पहल गरी महंगो ब्याजदर घटाउने पहल गरिदैछ ।

२४) **Inflight Duty Free Shop सञ्चालन सम्बन्धमा :**

कुनैपनि वायुसेवा कम्पनीको लागि आय आर्जनको विविध विकल्पहरु मध्ये एक सफल र प्रभावकारी आय आर्जनको अंग Inflight Duty Free Shop सेवा पनि हो । निगमको अन्तर्राष्ट्रिय उडानमा यस प्रकारको करमुक्त पसल सञ्चालनबाट शून्य लागतमा वार्षिक करिब ने.रु. १ करोड भन्दा बढी थप आय आर्जन गर्नसक्ने अवस्था रहेको छ । Inflight Duty Free Shop सञ्चालन इजाजतको लागि निगमले मिति २०७८/१०/१६ मा प.स. इसीएम/६६/१२४/७८-७९ बाट श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा आवश्यक पहल गरिदिन अनुरोध गर्दै पत्राचार गरिसकेको छ ।

२५) **नेपाली सेनाको चार्टर उडान सम्बन्धमा :**

नेपाली सेनाबाट संयुक्त राष्ट्रसंघ अन्तर्गतको शान्ति सैनिक मिशनहरुमा जाँदा निगमकै विमान चार्टर गरी जाने अनिवार्य प्रबन्ध गरिदिनका लागि निगमको प.सं. इसीएम/६६/३४/२०७८-७९ मिति २०७८/०८/०३ को पत्रबाट श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई अनुरोध गरिसकिएको छ । यसबाट नेपाली सेनालाई आफ्नो राष्ट्रिय ध्वजावाहकबाट विदेश जाँदा गौरव महशुस हुने र निगमलाई पनि थप आयअर्जन वृद्धि हुने गर्दछ ।

२६) **चिनियाँ विमान सम्बन्धमा :**

सहुलियतपूर्ण ऋण सहयोग तथा अनुदानमा प्राप्त MA-60 र Y-12 E विमानलाई निगम संचालक समितिको मिति २०७७ असार १६ गतेको निर्णय अनुसार २०७७ साउन १५ गतेदेखि उडान संचालनमा रहेका छैनन् । यी विमानलाई कसरी निगमको हितमा उच्चतम् सदुपयोग गर्न सकिन्छ भनेर सञ्चालक समितिमा निगम व्यवस्थापनबाट प्रस्ताव पेश गरिसकिएको छ ।

वायुसेवा निगम संस्थागत विभाग



नेपाल वायुसेवा निगम, पो.ब.नं. ४०१,काठमाडौं, नेपाल, फोन: ४२२०७५७ फ्याक्स: ०१-४२२५३४८
Email: info@nac.com.np,web: www.nepalairlines.com.np

निगम राष्ट्रिय ध्वजावाहक भएको हुनाले यो संस्थाको प्रगति र उन्नतिले विदेशी मुद्राको संचितिमा र पर्यटन व्यवसायमा पनि यसले उल्लेखनीय योगदान पुऱ्याउने तथ्यलाई सबैले बुझिदिनुपर्छ भन्ने हाम्रो आग्रह रहेको छ ।

२०१५ असार १७ गते स्थापित नेपालको राष्ट्रिय ध्वजाबाहक नेपाल वायुसेवा निगमलाई एक नयाँ उचाईमा पुऱ्याई नेपाल र नेपालीको शान बनाउन व्यवस्थापन अहोरात्र खटिई रहेकाले यसलाई माया गरी यसको सुधारमा सबै पक्षबाट सदा झै निरन्तर सहयोग पाउने अपेक्षा गरेका छौं ।

**बोधार्थ :**

श्री कार्यकारी अध्यक्षज्यू : निर्देशानुसार ।



नेपाल वायुसेवा निगम, पो.ब.नं. ४०१,काठमाडौं, नेपाल, फोन: ४२२०७५७ फ्याक्स: ०१-४२२५३४८
Email: info@nac.com.np,web: www.nepalairlines.com.np